म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौँडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १८७ २०८१ जेठ १७ गते बिहीबार 30 May 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

## मकवानपुरमा प्रजिअ फेरिए

हेटौँडाः मकवानपुरमा प्रमुख जिल्ला अधिकारी फेरिएका छन्। सूर्यप्रसाद सेढाईको काभ्रेपलाञ्चोक जिल्ला सरुवा भएको छ भने गृह मन्त्रालयमै रहनुभएका सहसचिव तीर्थराज चिलुवाललाई मकवानपुरको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ।

गृह मन्त्रालयले एकसाथ २५ जना सहसचिवको सरुवा गरेको हो। गृह मन्त्रालयले मकवानपुरकी स्किम श्रेष्ठलाई पश्चिम नवलपरासीको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिएको छ। श्रेष्ठ गृह मन्त्रालयमै हुनुहुन्थ्यो।

### बागमती प्रदेश सभा

# नीति तथा कार्यक्रम दिशा र लक्ष्यहिनः सदस्य तामाङ



प्रदेश सभामा आफ्नो कुरा राख्नुहुँदै प्रदेश सभा सदस्य प्रभात तामाङ ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेश सभामा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथि प्रदेश सभामा छलफल सुरु भएको छ। बुधबार दिउँसो बसेको प्रदेश सभा बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश सभामा सोमबार प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममाथि छलफल सुरु गरियोस् भनी प्रस्ताव गर्नुभएपछि प्रदेश सभाका सभामुख भुवनकुमार पाठकले प्रदेश सभा सदस्यहरुलाई छलफलका लागि अवसर दिनुभएको हो।

नीति तथा कार्यक्रममाथि सत्तापक्ष र प्रतिपक्ष दुबै सदस्यले बोलेका छन्। प्रदेश सभा सदस्य प्रभात तामाङले नीति तथा कार्यक्रम दिशा र लक्ष्य विहिन रहेको बताउनुभएको छ। प्रदेश सभामा प्रस्तुत भएको नीति तथा कार्यक्रमले दीर्घकालिन दायित्व सिर्जना गर्ने किसिमका कार्यक्रमलाई प्राथमिकतामा राखेको बताउनुभयो। सरकारलाई दीर्घकालिन दायित्व सिर्जना हुनु भनेको खतरनाक कुरा भएको तामाङको भनाइ थियो।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका नेता तामाङले प्रदेशको आफ्नै स्रोत नभएको उल्लेख गर्नुहुँदै प्रदेश सरकार चल्नै नसक्ने अवस्थामा पुग्ने जोखिम औंल्याउनुभयो।

"बागमती प्रदेश सरकारको आयको प्रमुख स्रोत घरजग्गा कर हो। धनी मान्छेले चढ्ने सवारी कर पनि अर्को स्रोत हो। सामान्य सेवा शूल्कबाट प्रदेश सरकार चलेको छ। प्रदेश सरकारलाई दिगो र आर्थिक रुपमा सवल बनाउने भए के गर्छौं ? त्यो स्पष्ट छैन", तामाङले भन्नुभयो, "स्रोतको व्यवस्थापन गर्न नीति तथा कार्यक्रम प्रष्ट छैन। नीतिमा स्पष्टता छैन। कार्यक्रम गर्छौं मात्रै भनिएको छ। तर, त्यसको लाभ के हुने स्पष्ट छैन।"

स्थानीय तहको अधिकार क्षेत्रमा मात्रै लगानी भइरहेको उहाँको भनाइ छ। "विद्यालय तहमा स्थानीय, प्रदेश र संघीय तीनै सरकारको लगानी छ। तर, १२ कक्षा उत्तीर्ण विद्यार्थी विदेश गइरहेका छन्। शिक्षामा स्पष्ट नीति नै ल्याउन सकेनौं", तीनै तहका सरकारले गरेको लगानीको प्रतिफल भने तीनै तहले लिन सक्ने अवस्था छैन। एकल अधिकारको क्षेत्र स्पष्ट बनाएर नीति बनाएर काम गरौं। परिवर्तन गलत किसिमले भइरहेको छ।"

"लगानी बोर्ड भनेका छौं तर, दायित्व मात्रै सिर्जना भएको छ। अहिले फेरि वातावरण परिषद् गठन गर्ने भनिएको छ। यसले पनि दायित्व मात्रै सिर्जना गर्छ। यस्ता बोर्ड र परिषद्ले प्रदेश सरकारलाई उठ्न नसक्ने गरी भारी बोकाउनेछ। संघीय सरकारले ज्येष्ठ नागरिक भत्तामा मात्रै एक खर्ब २० अर्बको दायित्व सिर्जना भएको छ। विकास बजेटको झण्डै आधा पुँजी भत्ता वितरणमा खर्चेर कसरी विकास सम्भव हुन्छ ?" तामाङको प्रश्न थियो। प्रदेश सभा सदस्यलाई सदनमा राम्रो बोलेर चर्चित मात्रै हुनु परेको दावी गर्नुहुँदै तामाङले प्रदेश सरकारलाई सवल र दीर्घकालिन बनाउने, स्वायत्त बनाउने विषयमा ध्यान दिन नसकेको बताउनुभयो।

बुधबारको बैठकमा प्रदेश सभा सदस्य बहादुर सिं लामाले नीति स्पष्ट नभएको र कार्यक्रमहरु प्रभावकारी नदेखिएको बताउनुभयो। नीति तथा कार्यक्रमअनुसार नै बजेट तयार हुनुपर्ने जीकिर गर्नुहुँदै लामाले नीति तथा कार्यक्रम एकातिर बजेट अर्कोतिर हुनु नहुने बताउनुभयो। कृषि क्षेत्रलाई प्राथमिकतामा राख्न नसकेको भन्दै उहाँले नीति तथा कार्यक्रम पुनर्लेखन गर्नुपर्ने बताउनुभयो। सहकारीमा भएको अपचलनको विषयमा प्रदेश सरकारले पनि छानविन गर्नुपर्ने उहाँले औंल्याउनुभयो।

प्रदेश सभा सदस्य तारानारायण श्रेष्ठले प्रदेश सभामा प्रस्तुत भएको नीति तथा कार्यक्रममा सबै दल जिम्मेवार हुनुपर्ने बताउनुभयो। प्रतिपक्षी दलका नेताबाट पनि खासै गम्भीर आलोचना नभएको उल्लेख गर्नुहुँदै उहाँले सबै विषय र क्षेत्रलाई नीति तथा कार्यक्रमले समेटेको दावी गर्नुभयो। मसिना खड्काले वनजन्य वस्तुबाट आयआर्जनको कार्य गर्न नीति तथा कार्यक्रममै समावेश गर्न आग्रह गर्नुभयो। रामकुमार पहाडीले प्रदेशका सक्षम पालिकाले कमजोर अवस्थाका पालिकासँग सहकार्य गरेर समान ढंगले विकासको अभ्यास सुरु गर्नुपर्ने प्रस्ताव राख्नुभयो। मन्त्रीले आफू वडा र पालिकाको मात्रै नभई प्रदेशकै मन्त्री हुँ भन्ने मनन गर्न पनि पहाडीले आग्रह गर्दछु।

बुधबारको बैठकमा प्रदेश सभा सदस्य ठूला थामी, उत्तम जोशी, मातृकाप्रसाद भट्टराई, समिता खड्गी, बालकुमारी बिश्वकर्माले बोल्नुभएको थियो। सभामुख भुवनकुमार पाठकले नीति तथा कार्यक्रममाथि छलफलका लागि बिहिबार बिहान १० बजेसम्मका लागि प्रदेश सभा बैठक स्थगित गर्नुभएको छ।

### नवप्रवर्तन

# उद्यमी विकास सम्मेलन सुरु

समाज संवाददाता

हेटौंडाः उद्योग संघ मकवानपुर र बागमती प्रदेश सरकार मातहतको उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आयोजनामा नवप्रवर्तन उद्यमी विकास सम्मेलन सुरु भएको छ। बुधबार र बिहीबार २ दिन सञ्चालक हुने सम्मेलन हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले उद्घाटन गर्नुभयो। उद्योग संघ मकवानपुरका अध्यक्ष बर्दिनाथ शर्माको अध्यक्षतामा उद्घाटन कार्यक्रम भएको हो।

सम्मेलनमा स्टार्ट अप तथा उद्यमशीलता सम्बन्धी सरकारको नीति र प्रयत्न, व्यवसायमा आर्टिफिसियल इन्टेलिजेन्स, डिजिटल मार्केटिङको विषयमा सरकारी अधिकारी र विज्ञको प्रस्तुती रहनेछ भने उद्यमशीलताका चुनौति, स्टार्ट अप र उद्यमशीलतामा महिला विषयमा समूह छलफल हुनेछ।

सम्मेलनमा सहभागीका योजनाको प्रस्तुती तथा स्टार्ट अप तथा उद्यमशीलता सम्बन्धी अभिप्रेरणामूलक प्रस्तुती रहनेछ। सम्मेलनमा मकवानपुर, चितवन, काठमाडौं, सिन्धुली, रामेछाप, नुवाकोट र धादिङ जिल्लाका उद्यमी, व्यवसायी, विद्यार्थी, व्यवसाय गर्न चाहने युवाको सहभागिता रहेको छ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

### जुरिखेत कार दुर्घटना

# ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं छोटो मार्गअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-६, जुरिखेतमा कार दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ। बुधबार काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा ६ च ९३७९ नम्बरको कार आफैं अनियन्त्रित भई जुरिखेतमा दुर्घटना हुँदा २ जनाको घटनास्थलमै र एकजनाको उपचारको क्रममा मृत्यु भएको हो। कार सडकबाट करिब २ सय ५० मिटर तल खसेको प्रहरीले जानकारी दिएको छ।

घटनास्थलमै मृत्यु हुने ३ महिनाकी शिशु र कार चालक छन्। कार चालकको सनाखत हुन सकेको छैन भने ३ महिने शिशु मनहरी गाउँपालिका-८ की हुन्। कार दुर्घटनामा परी गम्भीर घाइते मकवानपुरको मनहरी गाउँपालिका-८, बेलुवाका २६ वर्षीय अर्जुन नेपालीको उपचारको क्रममा हेटौंडा अस्पतालमा साँझ ७ बजेर ४० मिनेटको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। दुर्घटनामा घाइते मकवानपुरको मनहरी गाउँपालिका-८ की २३ बर्षीया सरिता परियार र चितवनको राप्ती नगरपालिका-१, लोथरकी ३५ बर्षीया सानोकान्छी तामाङ रहेको प्रहरीले जानकारी दिएको छ। उनीहरूको हेटौंडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको छ।

# हेटौंडा अस्पतालमा मनोचिकित्सा वार्ड सञ्चालन

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा मनोचिकित्सा वार्ड सञ्चालनमा आएको छ। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमातहतको हेटौंडा अस्पतालमा विश्व मानसिक स्वास्थ्य दिवसको अवसरमा वार्डको उद्घाटन गरिएको थियो। बुधबारदेखि १६ बेडसहित वार्ड सञ्चालनमा आएको हो। बुधबार हेटौंडा अस्पतालको मनोचिकित्सा वार्डमा ३ जना विरामी भर्ना भएर उपचार गराइरहेका छन्।

मनोचिकित्सा वार्ड सञ्चालनका लागि आवश्यक उपकरण र जनशक्तिको व्यवस्थापनका कारण सञ्चालन गर्न ढिलो भएको अस्पतालका सूचना अधिकारी राजिव झाले बताउनुभयो। हेटौंडा अस्पतालको मनोचिकित्सा वार्डमा मनोचिकित्सक विशेषज्ञ डा. उद्धव लामा र डा. रितेश राउतले सेवा दिनु हुनेछ। हेटौंडा अस्पतालले मनोचिकित्सातर्फ १६ बेडको व्यवस्था गरिएको छ भने आगामी दिनमा २५ बेडमा विस्तार गर्ने योजना रहेको सूचना अधिकारी झाले बताउनुभयो। मनोचिकित्सा वार्डमा सिफ्ट अनुसार तीन जना स्टाफ नर्स, एक जना सुरक्षाकर्मी र एक जना स्वीपर रहेका छन्। मानसिक चिन्ता ठिक पार्ने पहिलो चरण औषधी, दोस्रो परामर्श र तेस्रो जीवनशैलीमा परिमार्जन रहेको चिकित्सकहरु बताउँछन्। घरमा राख्ने स्थिति नभएका बिरामी, जसलाई अरुबाट खतरा र अरुलाई बिरामीबाट खतरा हुने, धेरै गाह्रो भएको बिरामीलाई अस्पतालको वार्डमै राखेर उपचार गरिनेछ।

# करेन्ट लागेर बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-५, बाघखोरस्थित क्रसरमा करेन्ट लागेर एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा १३ वर्षीय रोहित रुम्बा रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

बुधबार दिउँसो ३ बजेको समयमा सडक निर्माणका लागि स्थापना गरिएको अमर कन्ट्रक्सन क्रसरको ट्रान्समिटरको तारमा छुँदा बालकको करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। बालकको मानसिक अवस्था ठिक नभएको प्रहरीले जानकारी दिएको छ। प्रहरी चौकी फाखेल र इलाका प्रहरी कार्यालय भिमफेदीबाट टोली खटिएर मुचुल्का तथा अनुसन्धान कार्य गरिरहेको प्रहरीले जानकारी दिएको छ।

विशेषता : जापानिज भाषा
PTE/Ielts
युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान।



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
पुजन प्लाजा तेस्रो तल्ला
IDB Education Consultancy pvt Ltd

हार्दिक बधाई



थर्ड आई एजुकेशनल सेन्टरका सञ्चालक आदरणीय **बेलप्रसाद खतिवडा** नेपाल शैक्षिक परामर्श संघ (इक्यान) मकवानपुर जिल्ला समन्वय समितिको संयोजक चयन हुनुभएकोमा हामी गौरवान्वित भएका छौं। शैक्षिक परामर्श व्यवसायीको हकहित र संरक्षणमा इक्यानको नेतृत्वमा रहेर उल्लेखनीय कार्य गर्न सफलताको शुभकामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौं।

थर्ड आई एजुकेशनल सेन्टर परिवार
हेटौंडा-४, अजरअमररोड

## सम्पादकीय

# उत्साहहीन बजेट

संघीय सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गरेको छ । अर्थमन्त्री वर्षमान पुनले व्यवस्थापिका संसदको संयुक्त बैठकमा आगामी आर्थिक वर्षका लागि १८ खर्ब, ६० अर्ब ३० करोड रुपियाँको बजेट प्रस्तुत गरेका हुन् । अर्थमन्त्री पुनले आगामी वर्षका लागि ल्याइएको बजेट आशा जगाउने खालको छ भने पनि बजेट पुरानै शैलीमा आएको पाइन्छ । आगामी आर्थिक वर्षको अनुमानित कुल बजेटमध्ये चालु खर्चका लागि ११ खर्ब ४० अर्ब ६६ करोड विनियोजन गरेको छ । यो कुल विनियोजनको ६१.३१ प्रतिशत हो । पुँजीगततर्फ ३ खर्ब ५२ अर्ब ३५ करोड विनियोजन भएको छ । यो कुल बजेटको १८.९४ प्रतिशत हो । वित्तीय व्यवस्थातर्फ ३ खर्ब ६७ अर्ब १८ करोड विनियोजन भएको छ । यो कुल बजेटको १९.७४ प्रतिशत हो । आगामी वर्षका लागि पेश गरिएको बजेट चालु आवको सुरु बजेटको तुलनामा ६.२ प्रतिशत र संशोधित बजेटभन्दा २१.५६ प्रतिशत धेरै हो ।

आगामी आर्थिक वर्षका लागि ल्याइएको बजेटको सबैभन्दा बढी अर्थ मन्त्रालयले राखेको छ । अर्थ मन्त्रालयमा कुल बजेटको झण्डै १२ प्रतिशत अर्थात् २ खर्ब २२ अर्ब रुपैयाँ बजेट राखिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले करिब ११ प्रतिशत अर्थात् २ खर्ब ३ अर्ब बजेट पाउँदा गृह मन्त्रालयले करिब ११ प्रतिशत अर्थात् १ खर्ब ९९ अर्ब बजेट पाएको छ । वितरणमुखी र टुक्रे बजेट समावेश गरेर भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय तथा सहरी विकास मन्त्रालयलाई पनि प्रशस्त बजेट दिइएको छ । यातायातले १ खर्ब ५१ अर्ब र सहरी विकासले ९३ अर्ब बजेट पाएको छ । यी दुई मन्त्रालयले पाएका बजेटमा राजनीतिक पहुँचका आधारमा माग गरिएका थुप्रै योजना समावेश गरिएको बताइएको छ । यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ८८ अर्ब, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ८६ अर्ब र रक्षा मन्त्रालयले ६० अर्ब बजेट पाएको छ । आगामी आर्थिक वर्षका लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई ५७ अर्ब र खानेपानी मन्त्रालयलाई २७ अर्ब बजेट दिइएको छ ।

सरकारले साना योजनाहरु स्थानीय र प्रदेशबाटै कार्यान्वयन गर्ने बताउँदै आए पनि संघीय बजेटमै यस्ता आयोजना घुसाइएको छ । यसले संघीय सरकारको बजेट वितरणमुखी छ । प्रत्यक्षरुपमा वितरणमुखी नदेखिए पनि सांसद तथा अन्य राजनीतिक व्यक्तिको माग र प्रभावका आधारमा साना र टुक्रे आयोजनाहरु संघीय बजेटमै समावेश गरिएको छ । स्थानीय र प्रदेशको बजेटको मुख्य स्रोत पनि संघीय सरकार नै भएकाले साना योजना संघीय बजेटमा राख्नुपर्ने बाध्यता बनेको छ । राजनीतिक पहुँच, प्रभाव, स्वार्थ र सौदाबाजीमा साना आयोजना धेरै बजेट राख्नुपरेका कारण बजेटमा नयाँ र ठूला योजनाले ठाउँ पाएका छैनन् । धेरै दलहरुको गठबन्धनबाट बनेको सरकारले गठबन्धनका मन्त्री, सांसद तथा नेताको माग पूरा गर्नकै लागि पनि ठूलो आकार र वितरणमुखी बजेट ल्याएको हुनसक्छ ।

आगामी वर्षको बजेटमा सरकारले राजस्वबाट १२ खर्ब ६० अर्ब ३० करोड संकलन गर्ने लक्ष्य राखेको छ । यस्तै, आन्तरिक ऋणबाट ३ खर्ब ३० अर्ब, वैदेशिक ऋणबाट २ खर्ब १८ अर्ब र वैदेशिक अनुदानबाट ५२ अर्ब जुटाउनेगरी बजेट बनाइएको छ । आगामी वर्षको बजेटको आकार बढे पनि सामाजिक सुरक्षा भत्ता तथा कर्मचारीको तलब नबढेका कारणले सरकारलाई पुँजीगत खर्चमा थप बजेट विनियोजन गर्न सजिलो भएको छ । सरकारले बजेटलाई सन्तुलित र यथार्थपरक बनाउन खोजे पनि बजेट कार्यान्वयनमा ढुक्क हुने अवस्था छैन । विगतदेखि नै पुँजीगत खर्च गर्न नसक्ने समस्या बेहोरिरहेको सरकारले जस्तोसुकै बजेट ल्याए पनि आम नागरिकमा उत्साह जगाउन सक्ने देखिँदैन । सरकारले ल्याएको बजेटबाट निश्चित क्षेत्र र वर्गका व्यवसायी तथा सर्वसाधारणले केही फाइदा पाउने भए पनि आमरुपमा उत्साह जगाउने बजेट आउन सकेको छैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।
**वृष** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**मिथुन** : विवादास्पद जिम्मेवारी नलिँदा राम्रो हुन्छ ।
**कर्कट** : परीक्षा प्रतियोगिताबाट सफलता प्राप्त हुनेछ ।
**सिंह** : साझेदारी कामबाट त्यति लाभ नहुने देखिन्छ ।
**कन्या** : धार्मिक काममा सरिक भइने समय योग छ ।
**तुला** : आत्मबल र हिम्मतले काममा पूर्णता होला ।
**वृश्चिक** : सामाजिक र धार्मिक क्रियाकलापमा सरिक भइने छ ।
**धनु** : निर्णय गर्ने क्षमतामा वृद्धि हुने समय योग छ ।
**मकर** : लेखाई–पढाई ठिकै रहने समय योग रहको छ ।
**कुम्भ** : व्यापार–व्यवसायबाट राम्रो परिणाम प्राप्त हुनेछ ।
**मीन** : आनन्द र मनोरञ्जन प्राप्त हुने समय योग रहेको छ ।

# के बढ्दो गर्मीको सामना गर्न हामी तयार छौं ?

**यही रफ्तारमा गर्मी बढ्ने क्रम जारी रहिरहेमा चाँडै नै हामीले ठूलो संकट सामना गर्नुपर्ने हुन्छ। अब प्रश्न उठ्छः संकट आएपछि मात्र कदम चाल्ने कि बढ्दो गर्मीसँग जुध्न अहिलेबाटै पूर्व-तयारीमा जुट्ने?**






**प्रेमराज अवस्थी**

वैज्ञानिक तथ्य अनुसार सन् २०२३ इतिहासकै सबैभन्दा तातो वर्षको रूपमा रह्यो र केही वर्षयता विश्वभर नै अत्यधिक गर्मीले जनजीवन कष्टकर बनाइराखेको छ । बढ्दो शहरीकरण, ग्रीनहाउस ग्याँस र इन्धनको अत्यधिक उत्सर्जन, वन विनाश र औद्योगिकीकरणले गर्दा द्रुत गतिमा भइराखेको जलवायु परिवर्तनले पृथ्वीको तापक्रम अस्वाभाविक रूपमा बढिराखेको छ ।

बढ्दो तापक्रम तथा गर्मीको प्रभाव नेपालमा पनि स्पष्ट रूपमा देखिन थालेको छ । आजभोलि केही वर्षअघिको जस्तो मीन-पचासको जाडोवाला हिउँद रहेन, हिउँदयाममै गर्मी हुन थालेपछि गर्मीयामले त भतभती पोल्ने भइहाल्यो ! यी र यस्तै परिवर्तनले मौसमी प्रणालीमा नै फेरबदल भइराखेको स्पष्ट रूपमा महसुस गरिराखेका छौं ।

नेपालका अधिकांश क्षेत्रहरू तराईदेखि पहाड र हिमालसम्म गर्मीको बढ्दो प्रभाव परेको छ । गत वर्ष जेठको अन्तिम सातातिर प्रायः चिसो भइरहने सगरमाथाको प्रवेशद्वार नाम्चेबजारमा गर्मीले जनजीवन कष्टकर भयो भन्ने समाचारले धेरैलाई अचम्मित पारेको थियो । त्यसैगरी गत वर्ष नै जेठको दोस्रो सातादेखि नै मधेश प्रदेशका जिल्लामा दिनको तापक्रम ४० देखि ४४ डिग्री सेल्सियससम्म पुगेकोले जनजीवन नै ठप्प भएको थियो ।

पछिल्लो समय धनगढी, जनकपुर, वीरगन्ज, भैरहवा, नेपालगन्ज, दिपायल, सुर्खेत र काठमाडौं लगायत ठाउँहरूमा चैत महिनामै चर्को गर्मी महसुस गर्नुपर्‍यो । हालका दिनहरूमा तराईका ठाउँहरूको तापक्रम दिनमा ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको छ । बढ्दो तापक्रम वृद्धि र गर्मीको असरले जनजीवनका विभिन्न क्षेत्रहरू लगायत बालबालिका, सुत्केरी महिला, वृद्धा तथा दीर्घ रोगीहरूमा जोखिम निम्त्याएको छ ।

गर्मीले गर्दा झाडापखाला, निमोनिया, भाइरल ज्वरो, पेट दुख्ने, टाउको दुख्ने लगायत बिरामीको सङ्ख्या बढिराखेका छन् । साथै, तराईका अधिकांश ठाउँमा विद्यालयको पठनपाठन प्रभावित भएको छ । बढ्दो तापक्रमसँगै डेंगुको प्रकोप पहाड तथा उच्च पहाडमा उक्लिसकेको छ, र लामखुट्टेबाट सर्ने भाइरसको प्रकोप अझ बढ्ने भविष्यवाणी छ ।

त्यसैगरी गर्मीको बढ्दो प्रभाव तथा चरम मौसमका घटनाहरूले कृषि उत्पादनमा नकारात्मक असर क्रमिक रूपमा पर्दै गइराखेको छ । खडेरी, सुख्खा, कम वर्षा र अति वर्षाले बालीनालीमा क्षति र उत्पादनमा कमी भइराखेको छ ।

गर्मीले मजदुर वर्ग जो घर बाहिर निर्माण र कृषि लगायत काममा संलग्नहरू बढी प्रभावित भएका छन् । आर्थिक रूपले सम्पन्नले त घर तथा काम गर्ने ठाउँमा वातानुकूलित वातावरण बनाउन सक्छन्, तर विपन्नहरूले त जस्तोसुकै मौसममा पनि काम गर्नुपर्छ । काम नगरी साँझ-बिहानको चुलो बल्न मुस्किल हुन्छ । यही दरमा प्रभाव रहे गरिबीको रेखामुनि रहेका जनसङ्ख्यालाई अत्यधिक गर्मीको चपेटाले गरिबीको दुष्चक्रबाट उम्कनै नसकिने बनाउनेछ ।

गर्मीको समय नेपालमा सामान्यतया जेठदेखि भदौसम्म हुने भए पनि यस वर्ष वैशाखमै केही ठाउँमा तापक्रम ४० डिग्री सेल्सियसमाथि पुगेको थियो । काठमाडौं गर्मी हुने ठाउँ होइन, तर आजकल एक हप्तासम्म पानी नपर्दा गर्मीले आम समुदायलाई अत्यन्तै कठिनाइ थपिरहेको छ । यही रफ्तारमा गर्मी बढ्ने क्रम जारी रहिरहेमा चाँडै नै हामीले ठूलो सङ्कट सामना गर्नुपर्ने हुन्छ । अब प्रश्न उठ्छः सङ्कट आएपछि मात्र कदम चाल्ने कि बढ्दो गर्मीसँग जुध्न अहिलेबाटै पूर्व-तयारीमा जुट्ने ?

गर्मीको चुनौतीको सामना गर्न केही अल्पकालीन योजना त छन् तर ती पर्याप्त छैनन् । गर्मीले कहाँ र कसलाई सबैभन्दा बढी प्रभाव पारिरहेको छ भन्ने विषयमा पर्याप्त रिपोर्टिङ भइरहेको छैन । यस्ता चुनौतीको सामना गर्न नेपाली राज्य र समाज कत्तिको तयार छ भन्ने विषयमा विस्तृत रूपमा छलफल गर्नु आवश्यक छ ।

नेपालमा बढ्दो गर्मीको सामनाको लागि दीर्घकालीन सोचको कमी छ । जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय कार्ययोजना भए पनि गर्मीको चुनौतीको लागि यथेष्ट पहल भएको देखिंदैन । यस्तो सङ्कटपूर्ण अवस्थाको सम्बोधन गर्न अब ढिला गर्नुहुँदैन ।

अब, राज्यको मात्र मुख नताकी नागरिक स्तरबाट पनि तत्परता लिनुपर्दछ । हरेक व्यक्ति, परिवार, समाज, टोलहुँदै वडा, पालिका, प्रदेश र समग्र देश नै गर्मीको विनाशकारी प्रभावलाई सामना गर्न न्यूनीकरण तथा अनुकूलन कार्यहरूमा लाग्नुपर्दछ । जुन रफ्तारमा सङ्कट निम्तिइराखेको छ, अब त्यही र फ्तारमा कार्य गर्नुपर्छ । पर्चा, पम्प्लेट, गोष्ठी आदिमा मात्र समय खर्चिने र अल्झिने भन्दा समाजका सबै वर्ग, तह, तप्का वृक्षरोपण तथा शहर, गाउँबस्तीलाई हरियाली तथा स्वच्छ बनाउनतिर लाग्नुपर्छ ।

तत्कालीन रूपमा, सरकारी तथा गैर-सरकारी संस्थाहरूले गर्मीसँग जुध्न विभिन्न उपायको जस्तै सर्वसाधारणलाई सावधानीका उपायहरूबारे सचेतना फैलाउनेदेखि गर्मीको दीर्घकालीन समाधानका लागि वृक्षरोपण, जलस्रोतहरूको संरक्षण र वातावरणीय स्थायित्वलाई प्रवर्धन गर्ने दीर्घकालीन योजना तयार गर्नु आवश्यक छ । साथसाथै भविष्यमा यस्ता सङ्कटहरूको सामना गर्न सक्ने क्षमता विकास गर्न वैज्ञानिक अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्नुपर्दछ ।

ठूला-ठूला कार्यान्वयन नहुने कुराभन्दा स-साना कार्य तथा व्यवहारमा परिवर्तन ल्याउन सकिने, तत्कालै गर्न सकिने- जस्तो पैदल हिंड्ने बानीको प्रवर्धन, साइकल चलाउने संस्कृतिको विकास आदिमा जोड दिंदा यातायातबाट हुने प्रदूषण नियन्त्रण गर्न सकिन्छ । नागरिकहरूलाई साइकल चलाउन उत्प्रेरित गर्नाले कार्बन उत्सर्जन घटाउने मात्र होइन शारीरिक तन्दुरुस्ती र मानसिक स्वास्थ्यलाई पनि बढावा दिन्छ ।

धनगढी, नेपालगन्ज, भैरहवा र जनकपुर जस्ता पहिलेदेखि नै स्थानीय संस्कृतिमा साइकल संस्कृति रहेका शहरहरूमा साइकल पूर्वाधार विस्तार गर्नुपर्छ । समर्पित बाइक लेनहरू, साइकल चलाउने तालिम तथा साइकलको सुलभतालाई प्रवर्धन गर्नुपर्दछ ।

गाउँ तथा शहरमा वृक्षरोपण र पर्यावरणको पुनर्स्थापना पहलहरू गर्नुपर्छ । अहिले बिरुवा रोप्यौं भने आउने तीन वर्षभित्र बढ्दो तापक्रम विरुद्धको लडाइँमा रोपेका रूख बिरुवाहरू बलियो स्तम्भको रूपमा खडा हुनेछन् । रूखहरूले छायाँ मात्र प्रदान गर्ने हैन, प्राकृतिक रूपमा वायु शुद्धीकरणको काम पनि गर्नेछ ।

वृक्षरोपणले कङ्क्रिट शहरहरूलाई चिसो पार्न, धूलो कम गर्न र हावाको गुणस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्नेछ। रूख र हरियो खुल्ला ठाउँहरूले प्राकृतिक वातानुकूलनको रूपमा काम गर्नेछ । विशेषगरी चर्को गर्मीको प्रभावलाई कम गर्नेछ, गर्मीले थलिएकालाई छहारी प्रदान गर्नेछ ।

यसबाहेक, रूखहरू धुलो र प्रदूषणको प्रभाव कम गर्न प्रभावकारी छन् । रूखहरूको छायाँमा हिंड्दा पैदल यात्रीहरूलाई सहज र रमाइलो अनुभव गर्नेछन्। अब, सडक छेउछाउ, पार्क र सार्वजनिक स्थानहरूमा रूख रोप्नतिर लाग्नुपर्छ । साथै खोलानालाको सरसफाइ गरी पर्यावरण कायम राख्दै र बढ्दो तापक्रमको सामना गर्न शहरहरूलाई तयारी अवस्थामा राख्नुपर्छ ।

वृक्षरोपणका साथै दिगो शहरी योजना पूर्वाधारमा स्थानीय तथा मौलिक संस्कृति र परम्परालाई समेट्नुपर्छ । जस्तो तराई क्षेत्रका शहर तथा शहरोन्मुख गाउँहरू थारू वास्तुकला उपयुक्त हुन्छ । थारू समुदाय सदियौंदेखि गर्मी तथा प्रकृतिसँगै सामञ्जस्य गरी जीवन बिताएको हुनाले, प्रचण्ड गर्मीसँगै जुध्ने सजिलो प्रविधि छ ।

थारूहरूको परम्परागत वास्तुकलालाई शहरी भवन डिजाइनमा समावेश गर्दा स्वदेशी प्रविधिको प्रयोग पनि हुने र थारू समुदायको आत्मसम्मान पनि बढ्ने हुन्छ । साथै स्थानीय सामग्रीको प्रयोगले व्यापार घाटा कम गर्ने माटो-इँटाको पर्खाल र खरको छाना जस्ता स्थानीय प्रविधिहरूले प्राकृतिक इन्सुलेशन मात्र प्रदान गर्दैन हाम्रो मौलिक प्रविधिको प्रवर्धन पनि गर्नेछ। हाम्रो समुदायमा भएको सामूहिक ज्ञान, सीप र नवीन समाधानका उपायहरू प्रयोग गरेर, चरम मौसम तथा जलवायु परिवर्तनसँगै जुध्न सक्छौं ।

बढ्दो गर्मीको जोखिमसँग लड्नको लागि स्थायी, अस्थायी समाधानमा गरिब तथा सीमान्तकृत समुदाय लक्षित हुनुपर्छ । अति विपन्न समूहहरूको पहिचान गरी लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्दछ । जस्तो कि पानी तथा अन्य जीवन जोगाउने सामग्रीहरूको वितरण ।

विगतमा भएको प्रकृतिको चरम दोहनका गल्तीहरूबाट पाठ सिकी, हाम्रा परम्परागत ज्ञान र प्रकृतिसँगै सहअस्तित्वमा अगाडि बढ्नु नै अहिलेको आवश्यकता हो । पहिले 'एक व्यक्ति एक रूख' भन्ने अवधारणालाई वर्तमान अवस्थाको सङ्कट समाधानको लागि अब 'एक व्यक्ति दुई रूख' रोप्ने अभियानको आवश्यकता देखिन्छ ।

यसका लागि कस्तो कानुनी व्यवस्था गर्नुपर्ने हो ? वित्तीय प्रबन्ध कति गर्नुपर्ने हो ? र सबैको जवाफदेही कसरी सुनिश्चित गर्ने लगायत विषयहरूमा व्यापक छलफल गरी निर्णय गर्नुपर्छ ।

बढ्दो गर्मीको सामना गर्न केही तत्कालीन उपायहरू विभिन्न सञ्चारमाध्यम, विद्यालय तथा समुदाय मार्फत जनचेतना फैलाउनुपर्छ। गर्मीजन्य रोगहरूको उपचार र रोकथामका लागि स्वास्थ्य सेवालाई तयारी अवस्थामा राख्नुपर्छ । तर अल्पकालीन उपायमा मात्र लागे अझ ठूलो संकट आउने पक्का छ ।

त्यसैले केही मध्यकालीन र दीर्घकालीन समाधानमा आजैदेखि लाग्नुपर्छ । जस्तो कि, कृषि क्षेत्रमा जलवायु-मैत्री प्रविधिहरूको अवलम्बन गर्ने, सुख्खा प्रतिरोधी बीउबिजन, आधुनिक सिंचाइ प्रणाली तथा जैविक कृषि प्रविधिहरूलाई प्रोत्साहित गर्नुपर्छ ।

वन विनाश तथा डढेलो रोक्न कडा कानुनी व्यवस्था र वृक्षरोपण कार्यक्रमलाई प्रोत्साहित गर्नुपर्छ । जलस्रोतहरूको संरक्षण र पुनः उपयोगका लागि स्थानीय तहमा ताल, पोखरी तथा नदीहरूको सफाइ अभियान र वर्षाको पानी सङ्कलन प्रणालीलाई प्रवर्धन गर्नुपर्छ ।

नेपालले दिगो विकास र जलवायु-मैत्री नीतिलाई यथाशीघ्र कार्यान्वयनमा लैजानुपर्छ। यसका लागि सरकार, गैरसरकारी संस्था र सर्वसाधारण सबैले योगदान दिनुपर्छ ।

वातावरण संरक्षणमा हाम्रो आजको कदमले हामी प्राकृतिक सम्पदा भावी पुस्तालाई सुरक्षित गर्न सक्छौं । यदि हामीले समयमै कदम चाल्ने हो भने बढ्दो गर्मी र जलवायु परिवर्तनको सामना गर्न सक्छौं, नत्र भने हाम्रो जनजीवन झन् कष्टकर हुने निश्चित छ ।

(संयुक्त राष्ट्रसंघमा कार्यरत लेखकका निजी विचार हुन् । स्रोतः अनलाईनखबर)

# प्राविधिक परीक्षणसम्बन्धी समन्वय गोष्ठी

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार काठमाडौंको आयोजनामा प्राविधिक परीक्षणसम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठी सम्पन्न भएको छ। बुधबार भएको कार्यक्रममा राष्ट्रिय सतर्कता केन्द्रबाट ४ वटा कार्यपत्र प्रस्तुति भएको हो।

कार्यक्रममा राष्ट्रिय सतर्कता केन्द्रका इन्जिनियर शैलेन्द्र शाहले प्राविधिक लेखापरीक्षण प्रक्रियाको बारेमा प्रस्तुति गर्नुभएको छ। यस्तै, केन्द्रका प्रहरी नायव महानिरीक्षक निरञ्जन बिष्टले राष्ट्रिय सतर्कता केन्द्रको परिचय, कानुनी व्यवस्था र भूमिकाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। केन्द्रकी सिनियर डिभिजनल इन्जिनियर स्मिता शर्माले प्राविधिक लेखापरीक्षणको अवलोकन र गैरअनुरुपहरुको प्रमाणीकरण र बीमाको बारेमा प्रस्तुति गर्नुभएको छ।

भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा बागमती प्रदेशको वन तथा वातावरण मन्त्री केशवप्रसाद पोखरेलको प्रमुख आतिथ्य रहेको थियो। राष्ट्रिय सतर्कता केन्द्रका सचिव रामआदर्श साहको अध्यक्षतामा भएको गोष्ठीमा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको आतिथ्य रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि पोखरेलले स्थानीयको आत्मबल बढाउन जरुरी रहेको बताउनुभएको छ। मन्त्री पोखरेलले कर्मचारीहरुले उच्च मनोबलका साथ काम गर्न आवश्यक रहेको बताउनु भयो। स्थानीय, प्रदेश र संघीयले गर्ने काममा वर्गीकरण नभएका कारणले समस्या देखिएको उहाँको भनाइ छ। 'विकास निर्माणले सेवामूलक क्षेत्रमा धेरै खर्च गरेको छ', मन्त्री पोखरेलले भन्नुभयो- 'यसले उत्पादन कमजोर भयो र जनताको जीवनस्तर सुधार हुन सकेन।' कार्यक्रममा बागमती प्रदेशभित्र रहेका प्रादेशिक कार्यालय, प्रदेश मन्त्रालय तथा प्रदेशभित्रका जिल्लास्थित प्राविधिक कार्यालय र स्थानीय तहका आमन्त्रित तथा प्राविधिक कर्मचारीको सहभागिता रहेको थियो। कार्यक्रममा विविध विषयमा छलफल तथा पृष्ठपोपणसमेत भएको थियो।

# एकै दिन ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ३ जिल्लामा ३ जनाको मृत्यु भएको छ। प्रदेशको नुवाकोट, काभ्रेपलाञ्चोक र चितवन जिल्लामा एकै दिन ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

नुवाकोट जिल्लाको बिदुर नगर पालिका-९, आगुटारमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा रसुवा जिल्ला लहरेपौवा-१ का ३५ वर्षीय बासुदेव नेपाली रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार साँझ ६ बजेको समयमा सिमपाखा सामुदायिक वनतर्फ जाने गोरेटो बाटोमा मिनिरल वाटरको बोतलको सिरानी लगाएर सुतेको अवस्थामा नेपाली मृत फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली लगिएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका-११, बासकोटेमा खोलामा डुबेर एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा झिगु खोलाका १३ वर्षीय अविषेक परियार रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार दिउँसो ३ बजेको समयमा परियार झिगु खोला कलभर्डमा डुबी मृत्यु भएको प्रहरीले जनाएको छ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-११, भोजाड जंगलमा एक जना पुरुष मृत फेला परेका छन्। मंगलबार बिहान ११ बजेको समयमा अन्दाजी ४५ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको छ। पुरुष मृत (सडी गलेको) अवस्थामा फेला परेको र सनाखत हुन नसकेको प्रहरीले जानकारी दिएको छ। घटनाको विषयमा अनुसन्धान कार्य भइरहेका प्रहरीले जानकारी दिएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं
र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.

हेटौडा-४ को

## धितो लिलाम बिक्री सम्बन्धि ३५ दिने अत्यन्त जरुरी सुचना

तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको ऋणको साँवा ब्याज र हर्जाना रकम तिर्न बूझाउन पर्नेमा हालसम्म नबूझाई ऋण सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सूचना गर्दा समेत संस्थालाई तिर्न बूझाउन पर्ने ऋणको साँवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तूरको रकम समेत चूक्ता भूक्तानी नगरी आलटाल गरी बाँकी राखि ऋण चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले ऋण चुक्ता गर्न आउने बारे यो ३५ दिने सुचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनु पर्ने ऋणको साँवा, ब्याज तथा लागेको दैदस्तुर समेत बुझाउन हुन सम्बन्धित ऋणि तथा व्यक्तिगत जमानीकर्तालाई सुचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण ऋण रकम चुक्ता भुक्तान नगरेमा ऋण लिँदा यस संस्थालाई लेखाईदिएको धितो लिलाम बिक्रि गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरि लिने समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सूरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रिबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथमकदाचित धितोबाट असुल उपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणिहरु वा निजहरुको एकाघर सगोल परिवारको नाममा रहेको चल अचल सम्पत्ति वा ऋण लिँदा दृष्टिबन्धकी दिने व्यक्ति एवं जमानी दिनेका नाममा रहेको चल अचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को दफा ३० तथा अन्य प्रचलित कानून बमोजिम धितो बन्धक रहेको सम्पत्ति लिलाम गरी अस'ल उपर गरी लिने तथा ऋणीलाई कालो सूचीमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराईन्छ।

**तपशिल**

**१.**

| ऋणिको विवरण | |
|---|---|
| नाम : सुकुमाया लामा<br>बाबुको नाम : मोहन बहादुर स्याङतान<br>बाजेका नाम : बल बहादुर स्याङतान<br>पतिको नाम : सिंग बहादुर लामा<br>ठेगाना : जिल्ला मकवानपुर, पदमपोखरी-०८<br>हाल : जिल्ला मकवापुर, हेटौडा-३, बसामाडी<br>ना.प्र.नं. : ४९/३२५४६<br>जारी मिति र जिल्ला : २०६२/११/१९ मकवानपुर | श्री सुकुमाया लामाको नाममा श्री मालपोत कार्यालय हेटौडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला साबिक बसामाडी गा.बि.स वडा नं. ४ र हाल हेटौडा उपमहानगरपालिका वडा नं ३ कित्ता नं. ११३८ को क्षेत्रफल ०-०-९-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| व्यक्तिगत जमानीकर्ताहरुको विवरण | |
| १.नाम : जित बहादुर लामा<br>बाबुको नाम : सिंग बहादुर लामा<br>बाजेका नाम : कृष्ण बहादुर लामा<br>ठेगाना हेटौडा-३, बसामाडी<br>ना.प्र.नं. : ३१/२२२००<br>जारी मिति : २०६२/०१/२०<br>जारी जिल्ला : मकवानपुर | |

**२.**

| ऋणिको विवरण | |
|---|---|
| नाम : रकेश लामा<br>बाबुको नाम : पेमा लामा<br>बाजेको नाम : नाङ्ग दोर्जे लामा<br>ठेगाना : साविक जिल्ला मकवानपुर<br>हटिया व.नं. ९<br>हाल : हेटौडा-१९, चिसापानी<br>नागरिकता प्रमाणपत्र नं. : ९/१४४<br>जारी मिति : २०५३/०१/०३<br>जारी जिल्ला : मकवानपुर | श्री रकेश लामाको नाममा श्री मालपोत कार्यालय हेटौडामा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला साबिक पदमपोखरी वडा नं. ३ र हाल हेटौडा उपमहानगरपालिका वडा नं १३ कित्ता नं. ६२५ को क्षेत्रफल ०-२-०-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| व्यक्तिगत जमानीकर्ताहरुको विवरण | |
| १.नाम : विकास वाईवा<br>बाबुको नाम : अमर बहादुर वाईवा<br>बाजेका नाम : विर बहादुर वाईवा<br>ठेगाना : जिल्ला मकवानपुर<br>हेटौंडा १३, पदमपोखरी<br>ना.प्र.नं. : ९/५५०<br>जारी मिति : २०५५/०१/१७<br>जिल्ला जिल्ला : मकवानपुर | |

**३.**

| ऋणिको विवरण | |
|---|---|
| सदस्य नम्बर : १२१४<br>नाम : छली माया निरौला<br>बाबुको नाम : नन्द लाल निरौला<br>बाजेको नाम : गोपी लाल प्रसाद निरौला<br>पतिको नाम :सुब्बा विडारी<br>ठेगाना : सविक जिल्ला मोरङ्ग<br>मधुमल्ला गा.वि.स.,व.नं. ०२<br>हाल : हेटौडा १६, हटिया<br>ना.प्र.नं. : ६७७/१२०८<br>जारी मिति : २०४६/०२/२९<br>जारी जिल्ला : मोरङ्ग | श्री छलि माया निरौलाको नाममा श्री मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको जिल्ला मकवानपुर, हाडिखोला वडा नं. ३ कित्ता नं. १६८२ को क्षेत्रफल ०-२-१०-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| व्यक्तिगत जमानीकर्ताहरुको विवरण | |
| १.नाम : सुब्बा विडारी<br>बाबुको नाम : उदय बहादुर बिडारी<br>बाजेका नाम : गोपीलाल विडारी<br>ठेगाना : हेटौडा १६, हटिया<br>ना.प्र.नं. : ८३/२०३<br>जारी मिति : २०४४/११/२२<br>जारी जिल्ला : बारा | |

**४.**

| ऋणिको विवरण | |
|---|---|
| सदस्य नम्बर : ५३४<br>नाम : बिजय थिङ लामा<br>बाबुको नाम : लाल बहादुर थिङ<br>बाजेका नाम : जित बहादुर थिङ<br>ठेगाना : सविक जिल्ला मकवानपुर<br>पदमपोखरी गा.वि.स.,व.नं. ०५<br>हाल : हेटौडा-१३, पदमपोखरी<br>ना.प्र.नं. : २११<br>जारी मिति : २०५१/०७/०९<br>जारी जिल्ला : मकवानपुर | श्री विजय थिङ लामाको नाममा श्री मालपोत कार्यालय हेटौंडामा दर्ता श्रेस्ता कायम रहेको जिल्ला मकवानपुर, पदमपोखरी वडा नं. ५, हाल हेटौडा व.नं. १२ को कित्ता नं. ४६९३ को क्षेत्रफल ०-०-१०-० जग्गा र सो ले चर्चेको लिगलगापात समेत |

**५.**

| ऋणिको विवरण | |
|---|---|
| सदस्य नम्बर : ८७३<br>नाम : राजेश कुमार थोकर<br>बाबुको नाम : राम बहादुर थोकर<br>बाजेको नाम : सुन बहादुर थोकर<br>ठेगाना : हेटौडा-८, कमाने<br>ना.प्र.नं. : २३/१९५<br>जारी मिति : २०५४/०३/०९<br>जारी जिल्ला : मकवानपुर | श्री राजेश कुमार थोकरको नाममा दर्ता रहेको तपसिल अनुसारको विवरण बमोजिमको बेनेली टिएनटि १३५ सिसिको मोटरसाईकल<br>दर्ता नम्बर : बागमति प्रदेश ०३-००२ प-२३८५<br>ईन्जिन नम्बर : BJ154FM17A74013426<br>च्यासिस नम्बर : ZBNV02005JB853222<br>बनेको साल : २०१८ |

**६.**

| ऋणिको विवरण | |
|---|---|
| सदस्य नम्बर : २१७७<br>नाम : शुक्रमान प्रजा<br>बाबुको नाम : डिल बहादुर प्रजा<br>बाजेको नाम : जगत बहादुर प्रजा<br>ठेगाना : जिल्ला मकवानपुर<br>गा.वि.स. हाडिखोला व.नं. २<br>ना.प्र.नं. : २८८७<br>जारी मिति : २०३९/०६/२५<br>जारी जिल्ला : मकवानपुर | श्री शुक्रमान प्रजाको नाममा दर्ता रहेको तपसिल अनुसारको विवरण बमोजिमको PIAGGIO APE CITY अटो रिक्सा<br>दर्ता नम्बर : ना २ ह १००४<br>ईन्जिन नम्बर : TBPEMJV 3011485<br>च्यासिस नम्बर : MBX0002JFVJ520741<br>बनेको साल : २०१७<br>नोट : ब्लू बुक हराएको र ४/५ आर्थिक बर्षको सवारी कर भुक्तानी नभएकोले जे जस्तो अवस्था रहेको अटोको ब्लू बुक लगायत सम्पूर्ण कर र खर्च रकम लिलाम सकार गर्नेले नै भूक्तानी गरी नामसारी पश्चात संस्थाबाट अटो हस्तान्तरण हुने। |

**शर्तहरू**

१. लिलाम सूचना प्रकाशित मितिले ३६ औ दिन दिउँसो कार्यालय समयभित्र संस्थाको कार्यालयमा लिलाम बढाबढ गरिने छ। यदि ३६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा लिलाम बढाबढ गरिने छ। ३५ दिनसम्म ऋणी वा धितोवालाले संस्थाको ऋण चूक्ता बुझाई धितो फूकूवा गरी लैजान सक्नेछ।

२. लिलाम बढाबढ गर्ने दिन ऋणी, जमानीकर्ता वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। ऋणी, जमानीकर्ता वा निजको प्रतिनिधि लिलाम बढाबढ गर्ने समयमा उपस्थित नभएमा लिलाम गर्ने कार्यमा संस्थालाई बाधा परेको मानिनेछैन।

### मकवानपुरमा प्रधानाध्यापक संघ गठन

# श्रेष्ठको अध्यक्षतामा २५ सदस्यीय समन्वय समिति

समाज संवाददाता

हेटौँडाः सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको संगठन प्रधानाध्यापक संघ नेपालको मकवानपुर जिल्ला शाखा मंगलबार गठन भएको छ । हेटौँडा-१६, हटियास्थित जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) मा भएको भेलाले हेटौँडा-१३ स्थित महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक विष्णु श्रेष्ठको अध्यक्षतामा २५ सदस्यीय जिल्ला समन्वय समिति गठन गरिएको छ ।

भेलाबाट उपाध्यक्षमा गोमा श्रेष्ठ रानाभाट, सचिवमा रुपक रिजाल, सहसचिवमा रामकृष्ण न्यौपाने, कोषाध्यक्षमा गोविन्द उप्रेती चयन हुनुभएको छ । नवनिर्वाचित समितिको कार्यकाल ४ वर्षको हुनेछ । भेला संयोजन समितिका संयोजक विष्णु श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा प्रधानाध्यापकहरुको जिल्ला भेलाको उद्घाटन समारोह भएको थियो । उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुँदै मन्त्री मोक्तानले प्रधानाध्यापक विद्यालयको



*प्रधानाध्यापक संघ मकवानपुरको नयाँ समिति गठनपछि सामूहिक तस्वीर खिचाउँदै ।*

मुली भएकोले प्रधानाध्यापकको नेतृत्व सही भयो भने मात्र विद्यालय शिक्षा सुदृढीकरण सम्भव हुने बताउनुभयो । उहाँले प्रधानाध्यापकहरुलाई आफ्नो पेशाको, पदको सम्मान गर्नु सबैभन्दा ठुलो कुरो हुने अवगत गराउनुभयो । प्रधानाध्यापकहरुबीच छलफल, बहस हुनु अत्यावश्यक रहेको औँल्याउनुहुँदै उहाँले शैक्षिक सुधारका लागि प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्न, शिक्षक क्षमता विकास गर्न बागमती प्रदेश सरकारबाट आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गरिने बताउनुभयो ।

उद्घाटन कार्यक्रममा जिल्ला शिक्षा समितिको अध्यक्ष समेत रहनुभएका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलानले प्रधानाध्यापकहरुको गोलबद्ध भई हरेक असल अभ्यासलाई आदानप्रदान गर्ने, नेतृत्व क्षमतालाई अब्बल बनाई सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक पर्ने सरसहयोग, समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सामुदायिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्न, गुणस्तर सुधारमा टेवा पुऱ्याउन, नयाँ र असल अभ्यासलाई आदानप्रदान गर्न, शिक्षक कर्मचारीहरुको क्षमता विकासका लागि तालिमको समन्वय गर्न प्रधानाध्यापक संघ गठन गरिएको बताइएको छ । कार्यक्रममा मकवानपुर जिल्लाका १० वटै पालिकाका प्रधानाध्यापकको सहभागिता रहेको थियो ।

नवनिर्वाचित अध्यक्ष श्रेष्ठले केन्द्र, प्रदेश हुँदै जिल्ला समिति गठनपछि असार पहिलो साता पालिकास्तरमा प्रधानाध्यापक संघलाई विस्तार गरेर प्रधानाध्यापकको क्षमता विकासका कामहरु गरिने बताउनुभएको छ । पालिकास्तरमा समिति गठनपछि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पालिकासँगै सहकार्य गरेर प्रधानाध्यापक संघलाई सहयोगी संस्थाको रुपमा विकसित गर्दै लैजाने योजना रहेको नवनिर्वाचित अध्यक्ष श्रेष्ठले बताउनुभएको छ ।

# इक्यान मकवानपुरको संयोजकमा खतिवडा


*इक्यान मकवानपुर जिल्ला समन्वय समितिका संयोजक र सदस्यलाई सपथ गराउँदै ।*

समाज संवाददाता

हेटौँडाः नेपाल शैक्षिक परामर्श संघ (इक्यान) मकवानपुर जिल्ला समन्वय समितिको संयोजकमा बेलप्रसाद खतिवडा चयन हुनुभएको छ । केन्द्रीय समितिले सोमबार हेटौँडा-४ स्थित थर्ड आई एजुकेशनल सेन्टरका सञ्चालक खतिवडाको संयोजकत्वमा ३ सदस्यीय जिल्ला समन्वय समिति गठन गरेको हो ।

समितिको सदस्यमा नेम इन्स्टिच्युट एण्ड कन्सल्टेन्सीका सञ्चालक किशोर अर्याल र राइटपाथ क्यारियर काउन्सेलिङका सञ्चालक मनिष अधिकारीलाई नियुक्त गरिएको छ । जिल्ला समन्वय समितिका संयोजक र सदस्यलाई केन्द्रीय अध्यक्ष शेषराज भट्टराईले काठमाडौंमा प्रमाणपत्र वितरण गर्नुहुँदै सपथ समेत गराउनुभएको छ । इक्यान मकवानपुरमा १६ जना सदस्य छन् ।

खतिवडाको संयोजकत्वमा ६ महिनाभित्र जिल्ला सम्मेलन गर्नुपर्ने निर्देशन केन्द्रले दिएको छ । मकवानपुर जिल्लामा शैक्षिक परामर्श सेवा प्रदान गर्ने ३० भन्दा बढी संस्था सञ्चालनमा छन् ।

# वाईवाई यु-१९ क्रिकेट प्रतियोगिताका लागि मकवानपुरमा टिम छनोट सुरु

समाज संवाददाता

हेटौँडाः वाईवाई यु-१९ क्रिकेट प्रतियोगिताका लागि मकवानपुर जिल्ला क्रिकेट संघले टिम छनोट सुरु गरेको छ । बुधबारबाट हेटौँडा-४ स्थित हुप्रचौरमा छनोट खेल सुरु भएको हो ।

छनोट प्रतियोगिता शुक्रबारसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा सहभागी हुनका लागि ४६ जना खेलाडीहरुले नाम दर्ता गराएको प्रतियोगिता संयोजक सञ्जोग पोखरेलले बताउनुभयो । प्रतियोगितामा सहभागी हुनका लागि नाम दर्ता गराएका किशोर खेलाडीहरुलाई पहेँलो, रातो, आकाशे र निलो गरी ४ वटा समुहमा विभाजन गरेको उहाँले बताउनुभयो ।

छनोट प्रतियोगितामा सहभागी भएका खेलाडीहरुको खेल कौशलताको आधारमा ४ वटा समुहबाट १८ जना खेलाडी छनोट गरी बन्द प्रशिक्षणमा राख्ने मकवानपुर जिल्लाका क्रिकेट प्रशिक्षक राम नरेश गिरीले जानकारी दिनुभएको छ । जिल्लाबाट छनोट हुने खेलाडीहरुले प्रदेशस्तरीय छनोट प्रतियोगितामा सहभागी हुँदै वाईवाई यु-१९ को राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउने प्रशिक्षक गिरीले बताउनुभयो । शुक्रबारसम्म सञ्चालन हुने छनोट प्रतियोगिता राउण्ड रोबिनको आधारमा खेलाइएको उहाँले बताउनुभयो । नेपाल क्रिकेट संघ (क्यान) ले १९ बर्ष उमेर समूहका किशोर खेलाडी उत्पादन गर्नका लागि मकवानपुरसहित विभिन्न जिल्लालाई वार्षिक क्यालेण्डर अनुसार टिम छनोट गर्न निर्देशन दिएअनुसार छनोट प्रक्रिया सुरु गरिएको हो ।

४ समुहमा विभाजित टिमबीच दैनिक २ वटा खेल खेलाइने छ । प्रतियोगितामा सहभागी हुनका लागि ४ वर्षसम्म कुनै पनि प्रतियोगितामा सहभागी नभएको हुनुपर्ने छ । प्रतियोगितामा सहभागी हुनका लागि जन्मदर्ता २०६२ साल भदौ महिना भन्दापछि जन्मिएको हुनुपर्छ । आइसीसीको नियम अनुरुप १५ बर्ष भन्दा कम उमेर समुहका खेलाडीहरु प्रतियोगिता सहभागी हुन पाउने छैनन् । प्रतियोगिता आयोजनाका लागि एक लाख रुपैयाँको खर्च हुने आयोजकको अनुमान गरिएको छ ।

प्रतियोगिताको उद्घाटन कार्यक्रममा जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्री र प्रदेश क्रिकेट संघका सदस्य धिरज श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# म्यानेजमेन्टले बागमती प्रदेश उद्यमी मेला गर्ने

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसिएल साइन्सले बागमती प्रदेश उद्यमी मेला गर्ने भएको छ । बागमती प्रदेश सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहकार्यमा उद्यमी पाठशालाको डेमो डे र दीक्षान्त समारोहसँगै प्रदेश उद्यमी मेला सञ्चालन गर्न लागेको प्रेस विज्ञप्तिमार्फत् जानकारी दिइएको हो ।

बुधबार जारी गरिएको प्रेस विज्ञप्तिमा उद्यमी मेला भोलि शुक्रबार एभोकाडो एण्ड अर्किड रिसोर्टमा बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म हुने उल्लेख गरिएको छ । उद्यमशीलतालाई प्रोत्साहित गर्नु र स्थानीय व्यवसायीको विचारसँगै व्यवसाय प्रवर्द्धनको अवसर प्रदान गर्ने मेलाको उद्देश्य रहेको छ । मेला स्टार्टअप प्याभिलियनमार्फत् इनक्युब्स र नवउद्यमीहरूको व्यवसाय प्रदर्शन हुनेछ ।

उद्यमीहरूले आफ्ना उत्पादनहरू र सेवाहरू बिक्री वितरण गर्नुका साथै व्यवसायको अद्यावधिक गर्न प्रतिक्रियाहरू समावेशसमेत गर्नेछन् । दोस्रो भागमा व्यापारिक पिच प्रतियोगिता गरिनेछ । यसमा इनक्युब्सले व्यापार उद्योगमा संलग्न उद्योगी तथा व्यायसायी निर्णायक रहेको मञ्चमा आफ्नो उद्यमको बारेमा संक्षिप्तरूपमा प्रस्तुति गर्नेछन् ।

सन् १९९५ देखि एउटा उदाहरणीय शैक्षिक संस्थाको रुपमा रहेको म्यानेजमेन्टले विद्यार्थीहरुमा उद्यमशीलताको विकास गर्ने उद्देश्यले सन् २०१९ मा बिज क्रिएटर्स ल्याबको स्यापना गरेको विज्ञप्तिमा जनाइएको छ । उक्त ल्याबलाई पछिल्ला ६ महिनाभित्र खुला आविष्कार हबको प्रवर्द्धन गर्न आईहव अध्यावधिक गर्ने काम भइरहेको जनाइएको छ । आईहवले केही गर्न र सिक्न चाहने युवाहरुका लागि उज्ज्वल भविष्य निर्माणमा मद्दत गर्दछ । यो एक उत्प्रेरक हो, जसले रचनात्मकता, नवप्रवर्तन र उद्यमशीलता इन्क्युबेसनसँगै व्यक्तिको दिगो परिवर्तन र आर्थिक वृद्धिमा मद्दत गर्छ ।

# नेपाल भ्यालुअर्स एसोसिएसन (एनभीए) मा श्रेष्ठ सर्वसम्मत

समाज संवाददाता

हेटौँडाः नेपाल भ्यालुअर्स एशोसिएसन (एनभीए) मकवानपुरको प्रथम अधिवेशन मंगलबार सम्पन्न भएको छ । अधिवेशनबाट सगुन श्रेष्ठको अध्यक्षतामा ९ सदस्यीय समिति सर्वसम्मत निर्वाचित भएको छ । समितिको उपाध्यक्षमा रवि आचार्य, सचिवमा अनिल बनियाँ, कोषाध्यक्षमा अस्मिता श्रेष्ठ चयन हुनुभएको छ ।

यस्तै सदस्यमा असगर अन्सारी, कृष्ण अधिकारी, दिपेश सिंह भण्डारी, मनिष महर्जन र सौरभ सुवेदी चयन हुनुभएको छ । एनभीए मकवानपुरको तदर्थ समितिका अध्यक्ष सगुन श्रेष्ठको सभाध्यक्षता तथा केन्द्रीय अध्यक्ष ऋषि कोइरालाको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो । कार्यक्रममा एनभीए कोशी प्रदेश समितिका अध्यक्ष आमोद राज आचार्यको पनि आतिथ्य रहेको थियो ।

# वार्षिकोत्सवको अवसरमा विद्यार्थीलाई पोशाक वितरण




*विद्यार्थीलाई पोशाक वितरणपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित एआर मार्ट प्रालिले वार्षिकोत्सवको अवसरमा विद्यार्थीलाई पोशाक वितरण गरेको छ । मंगलबार एक कार्यक्रमकाबीच मकवानपुरको बकैया गाउँपालिका-५ स्थित किसान जागरुक सिद्धार्थ प्राविमा अध्ययनरत ९० जना विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको मार्टका सञ्चालक समिन ढुङ्गानाले जानकारी दिनुभयो ।

१ कक्षादेखि ५ कक्षासम्म अध्ययनरत ९० जना विद्यार्थीलाई पोशाक वितरण गरिएको हो । पोशाक वितरण कार्यक्रममा एआर ग्रुपका अध्यक्ष असीमराज ढुङ्गानाको अध्यक्षता तथा बकैया-५ का वडाध्यक्ष लक्ष्मी लोप्चनको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापक समितिका अध्यक्ष अर्जुन खड्का, विद्यालयका प्रधानाध्यापक विदुर खतिवडाको पनि उपस्थिति रहेको थियो ।

२०७८ जेठबाट सञ्चालनमा आएको मार्टले सञ्चालनको सुरुवातमै कोभिड-१९ लक्षित विभिन्न सामाजिक कार्यमा गर्दै आएको थियो । मार्टले वडा प्रहरी कार्यालयलाई मास्क वितरण तथा हेटौँडा अस्पतालका विरामीका कुरुवाहरुलाई खाजा वितरण समेत गरेको ढुङ्गानाले बताउनुभयो । गत वर्ष मार्टले रोट्र्याक्ट क्लब अफ हेटौँडासँगको सहकार्यमा विद्यार्थीलाई व्याग वितरण तथा रक्तदान कार्यक्रम गरेको ढुङ्गानाले बताउनुभयो ।




के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ